

मुक्तिनाथ दर्शन सेवा

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा



रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा

कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क १६८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ असार १६ गते सोमबार ❑ 30 June 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## असार १५: रोपाइँसहित दहीचिउरा खाएर मनाइयो


पोखरापत्र संवाददाता
पोखरा, १५ असार


प्रत्येक वर्ष असार १५ गते दहीचिउरा खाएर मनाइने सांस्कृतिक परम्परा आइतबार विधिवत् मनाइएको छ। खेतमा रोपाइँ गरी दहीचिउरा खाएर मनाइने यो सांस्कृतिक परम्परा रोपाइँ सुरु हुन थालेपछिदेखि नै मनाउन थालिएको हो। असार मुठी रोपेर मुरी उमार्ने महिनाका रूपमा सदियौँदेखि लिइँदै आएको महिना हो। विसं २०६२ देखि भने यो दिनलाई राष्ट्रिय धान दिवसका रूपमा पनि मनाउन थालिएको छ।





किसान वर्षभरका लागि छाक जुटाउन यो महिना खेतीमा व्यस्त हुन्छन्। व्यस्त हुने महिनाको मध्यमा अर्थात् १५ गते दहीचिउरा खाएर धान दिवस मनाउने परम्परा नेपाली समाजमा चल्दै आएको छ। आजका दिन असारे भाकामा लोकदोहोरी गाउँदै छुपुछुपु हिलोमा धान रोपिन्छ। 'छुपु र छुपु हिलोमा धान रोपेर छोडौँला, बनाई कुलो लगाई पानी आएर गोडौँला' जस्ता लोक लयका गीत गाएर खेतमै रमाइलो पनि गरिएको छ। मध्य गर्मीको यो समयमा युवा लाठे र युवती रोपाहारले खेतका गराको हिलो छ्यापा छ्याप गरेर मनोरञ्जन गर्छन्। कामको चटारोले थकित भएका किसान शक्ति प्राप्तिका लागि दहीचिउरा खान्छन्। यसबेला दहीचिउराले शरीरमा शीतलता भई शक्ति सञ्चय हुने विश्वास गरिन्छ। असार १५ गतेलाई नेपाली समाजमा दहीचिउरा खाने पर्वको रूपमा पनि लिइन्छ। खेतीपातीबाहेक अन्य पेसा र व्यवसायमा लागेका नेपालीले पनि आज दहीचिउरा खाई असार १५ गत सांस्कृतिक पर्व मनाएका छन्। हाम्रो संस्कृतिमा दहीको स्थान महत्वपूर्ण छ। शुभकार्यका लागि घरबाहिर निस्कने, विदेश जाने आदि महत्वपूर्ण काम गर्नुअघि दही अक्षता मुछेर निधारमा रातो टीका लगाउने परम्परा छ। यस्ता शुभकाममा निस्कनु अघि सगुनका रूपमा पनि दही खुवाएर बिदाइ गरिन्छ। निस्कने बेलामा दही खाएर हिँडे साइत पर्ने जनविश्वास रही आएको छ।

दही वैज्ञानिक दृष्टिले पनि स्वास्थ्यवर्द्धक मानिन्छ। गुरु गोरखनाथले नेपालको एकीकरणकर्ता श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहलाई दही खान दिएर पराक्रमी हुने भविष्यवाणी गर्नुभएको थियो भनिन्छ। आयुर्वेदमा भोजनको अन्त्यमा दही मथेर बनाएको मोही पिएमा औषधि उपचारका लागि स्वास्थ्यकर्मीकहाँ जानु नपर्ने बताइएको छ। 'भोजनान्ते पिबेत् तक्रं वैद्यस्य किं प्रयोजनम्' भन्ने जस्ता वाक्य पनि आयुर्वेदमा उल्लेख गरिएको छ। दहीले पाचन शक्ति पनि बढाउँछ।

पखाला लागेका बेला दहीचिउरा खाएमा औषधिको काम गर्छ। यसैले दहीचिउरा खाने संस्कारले नेपाली संस्कृतिमा बृहद् रुप लिएको छ। यसरी असार १५ गते नेपाली समाजमा राष्ट्रिय सांस्कृतिक पर्व बन्न सफल भएको छ। परम्परादेखि असार धान रोप्ने महिनाका रूपमा परिचित हुँदै आएको हो। विसं २०६१ मङ्सिर २९ गते मन्त्रिस्तरीय निर्णय गरी २०६२ असार १५ गतेदेखि राष्ट्रिय धान दिवस मनाउन थालिएको हो। यसै अनुसार आज २२औँ धान दिवस देशभर विभिन्न कार्यक्रम गरी मनाइएको छ। कृषि प्रधान देश भएकाले नेपालका अधिकांश नागरिकको पेसा खेतीपाती हो।

असार १५ बितिसक्दा पनि देशका सबै भागमा पानी नपरेका कारण हुनुपर्ने जति धान रोपाइँ हुन नसकेका खबर सार्वजनिक भएका छन्। कृषि तथा पशुपन्छी विकास मन्त्रालयले पर्याप्त मात्रामा रासायनिक मलको मौज्दात रहेको जनाएपनि कतै कतै भने किसानले मल नपाएको गुनासो गरिरहेका छन्। रासायनिक मल बिक्री गर्न स्थानीय सरकारलाई जिम्मेवार बनाइएको छ। स्थानीय तहले छनोट गरेका सहकारीमार्फत रासायनिक मल बिक्री वितरण हुने व्यवस्था गरिएको छ। सहकारीले व्यवस्थित रूपमा मल वितरण नगर्दा किसान मर्कामा परेका हुन्।

## धान जीवन, संस्कृति र आत्मनिर्भरको मेरुदण्ड : मन्त्री थापा


पोखरापत्र संवाददाता
पोखरा, १५ असार


गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दु कुमार थापाले धान जीवन, संस्कृति र आत्मनिर्भरको मेरुदण्ड भएको बताएका छन्।

नेपाल किसान महासंघ कास्कीको आयोजनामा पोखरा महानगरपालिका वडा नं. १४ को समन्वयमा खाल्टेमसिनामा आयोजित २२ औँ राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सवमा उनले यस्तो बताएका हुन्।

"धान जीवन, संस्कृति र आत्मनिर्भर अर्थतन्त्रको मेरुदण्ड हो। माटो बचाऊ, धान फलाऊ भन्ने मूल नाराको मर्म आत्मसात गर्दै कृषि पेसाप्रति सम्मान र प्रवर्द्धन गर्न आवश्यक छ।", उनले भने। मन्त्री थापाले कृषकहरुले पसिना बगाएर हामीले अन्न खान पाएको उल्लेख गरे। कृषिलाई व्यवसायिक, प्रविधिमैत्री र युवामैत्री बनाउन आवश्यक रहेको उनले औँल्याए। कृषि क्षेत्रको व्यावसायीकरण र बजारीकरण गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्न प्रदेश सरकारले बजेट व्यवस्थापन गरेको भनाई उनको छ। उनले कृषि व्यवसायमा



हुनसक्ने जोखिम न्यूनीकरण गरी कृषकको हित संरक्षण गर्न बीमा प्रिमियममा सहुलियत र व्यवसाय प्रवर्द्धनका लागि गण्डकी सरकारले कृषि कर्जामा ब्याज अनुदान उपलब्ध गराउने बताए। खाद्य सुरक्षाको क्षेत्रमा प्रमुख भूमिका खेल्ने बालीहरुको उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि समुदायस्तरमा चैतेधान तथा प्रशोधनयोग्य आलु उत्पादन सम्वन्धी कार्यक्रमको निरन्तरतामा गण्डकी सरकारले जोड दिएको भनाई उनको छ। कृषि क्षेत्रको व्यावसायीकरण, आधुनिकीकरण, विविधीकरण तथा औद्योगिकरणका लागि लगानी आकर्षित गर्न सार्वजनिक, निजी तथा समुदायको सहकार्यमा कृषि विकास कार्यक्रम ल्याइएको उनले जानकारी गराए।

नेपाल किसान महासंघ कास्कीका सभापति पुण्डरी बरालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा पोखरा महानगरपालिका वडा नं. १४ का अध्यक्ष बोधबहादुर कार्की, नेपाल किसान महासंघ केन्द्रकी सदस्य नम्रता बराल लगायतले बोलेका थिए। कार्यक्रममा धान रोपाई सँगसँगै हिले दौड प्रतियोगिता र अन्य सांस्कृतिक कार्यक्रम राखिएको थियो। नेपाल किसान महासंघ कास्कीले वर्षेनी असार १५ गते रोपाई महोत्सवको आयोजना गर्दै आएको छ।

## पोखरा १३ मा सार्वजनिक सुनुवाइ, विकासदेखि विकृतिसम्मका गुनासा


पोखरापत्र संवाददाता
पोखरा, १५ असार


विजयपुरकी धनकुमारी गुरुङले आफ्नो क्षेत्र वडाबाटा साह्रै पिछडिएको गुनासो गरिन्। उनले पहिरोलाई देखाएर मुख्य सडक निर्माणमा सरकारले बजेट नदिएको गुनासो राखिन्। 'त्यो पहिरोलाई ताकेर, टार्गेट गरेर बाटो नबनाउने भन्ने हुँदैन। त्यसलाई बजेट मागौं,' उनले भनिन्, 'तत्कालका लागि नियमित हिडिरहने बाटोमा काम गरौं। पहरेपानी, चिसापानी बिजयपुरको बाटो निर्माण हुनैपर्छ।'





अमरज्योति आधारभूत विद्यालयका प्रधानाध्यापक विमल बरालले विद्यालय व्यवस्थापन समिति गठनमा चरम दलीयकरण भएकोमा गुनासो राखे। 'विगतमा एउटा पार्टीको सत्ता थियो, सबै अध्यक्ष सोही पार्टीबाट आए। अहिले अर्को पार्टीको सत्ता छ, सबै अध्यक्षहरु सोही पार्टीका छन्,' उनले भने, 'यसरी विद्यालय चल्ला ? स्कुलमा योग्य र दलविहीन व्यक्तिलाई अध्यक्ष बनाउनुपर्छ।'

आर्वा विजय माध्यमिक विद्यालयकी छात्रा स्वस्तिका विश्वकर्माले स्कुलमा पानी नभएको देखि खाजा खान समेत नपाएको गुनासो गरिन्। 'हाम्रो विद्यालयमा शुद्ध खानेपानीको उपलब्ध छैन। जसका कारण हामी विद्यार्थीहरु दिन प्रतिदिन प्यासमै पढिराख्नुपरेको छ,' उनी भन्छिन्, 'न खेल मैदान छ। न त खाजा खान क्यान्टिन छ। वडाले ध्यान दिनुपर्‍यो।' पोखरा महानगरपालिका १३ नम्बर वडा कार्यालयले चालू आर्थिक वर्ष २०८१।०८२ को सम्पादित सेवा प्रवाह र विकास निर्माणबारे सार्वजनिक सुनुवाई कार्यक्रम गरेको हो। वडामा भएको कार्यक्रमका सहभागीहरुले विकास निर्माण, शिक्षा क्षेत्रको सुधारदेखि सामाजिक विकृतिसम्मका गुनासाहरु राखेका छन्।

कृषि क्षेत्रमा ढाँडबैंसीको तरबुजा खेतीलाई ब्रान्डिङ गरिए पनि किसानले आधारभूत पूर्वाधार नपाएको किसान रोशन बराल बताउँछन्। 'हामीले वडा नम्बर १३ लाई तरबुजा खेती गरेर नेपाल भरिनै ब्रान्डिङ गर्दै गर्दा किसानहरूलाई चाहिने पूर्वाधारहरू के भए त ?,' उनी भन्छन्, 'किसानहरूको लागि बिजुली, बत्ती र सडक भएन भने खेतीमा केही कामै छैन। आगामी बजेटमा विशेष व्यवस्था होस्।' यसका साथै सामुदायिक कुकुर, लागुऔषध दुर्व्यसनी, अव्यवस्थित बिजुलीका तार र गौंडामुख क्षेत्रको डुबानको समस्याबारे पनि नागरिकले जोडदार प्रश्न गरे। यस्तै, सार्वजनिक जग्गा संरक्षण, ज्येष्ठ नागरिकलाई दिवा सेवा केन्द्र निर्माण जस्ता विषयमा नागरिकले वडालाई सुझाव दिए। उनीहरुले पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य र सामाजिक विकृतिबारे आफ्ना भनाइ राखेका हुन्। कार्यक्रममा उठेका प्रश्नहरूको जवाफ दिँदै वडा अध्यक्ष किरण बरालले वडाले गरेका काम र भावी योजनाबारे प्रस्ट पारे। उनले गौंडामुखको डुबानजस्ता ठूला योजनाका लागि प्रदेश र संघसँग समन्वय गरिरहेको, विजयपुरको बाटोलाई प्राथमिकतामा राखेको बताए।


बाँकी अन्तिम पृष्ठमा ▶▶


## कास्कीका सुनचाँदी पसलहरु बन्द


पोखरापत्र संवाददाता
पोखरा, १५ असार


कास्कीका सुनचाँदी पसलहरु बन्द भएका छन्। सुनचाँदी व्यवसायीहरूले सुनचाँदीका गहनामा लगाइएको २ प्रतिशत विलासिता कर खारेज गर्न माग गर्दै आन्दोलन स्वरुप शुक्रबारदेखि कास्कीमा पनि पसलहरु बन्द गरेका हुन्।

सुनचाँदीमा सरकारले लगाएको करका विरुद्ध ध्यानाकर्षण गराउदा पनि माग पूरा नभएकोले नेपाल


बाँकी अन्तिम पृष्ठमा ▶▶



सुरक्षित घर निर्माण गरौं

घर निर्माण गर्दा–

- इन्जिनियरको सल्लाह लिएर मात्र निर्माण गरौं।
- भूकम्प प्रतिरोधि डिजाइन बनाऔं।
- गुणस्तरीय सामग्री प्रयोग गरौं।
- स्थानीय भू–सम्भाव्यता अनुसार निर्माण गरौं।
- नियमित मर्मतसम्भार गरौं।
- निर्माण अघि स्वीकृति लिऔं।

"बलियो घर निर्माण गरौं, सुरक्षित भविश्य बनाऔं"

नेपाल सरकार
विज्ञापन बोर्ड



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# संस्थानलाई आर्थिक रुपमा बलियो बनाउन आवश्यकः महर्जन

पोखरापत्र संवाददाता
पोखरा, १५ असार

नेपाल खानेपानी संस्थान इन्जिनियरिङ महाशाखा प्रमुख ई. निरण महर्जनले संस्थानलाई आर्थिक रुपमा बलियो बनाउनु पर्ने समय आएको बताएका छन् । नेपाल खानेपानी संस्थान कर्मचारी संघ इकाई समिति पोखराको ३३ औं वार्षिकोत्सव तथा राष्ट्रिय धान दिवसको अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै कृषि संस्कारलाई कर्मचारीले भुल्न नहुने बताउँदै चुहावट नियन्त्रण तथा मितव्ययिता मार्फत् संस्थानलाई सक्षम बनाउनु पर्नेबताए ।

महाशाखा प्रमुख महर्जनले व्यवस्थापनलाई दवावको निरन्तर आवश्यक हुने भन्दै क्रियाशील युनियन एकजुट भएर करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीको हितमा लाग्न आग्रह गरे । सेवा प्रदायक संस्थाको हित गर्न लगानी अनुरुप महशुल निर्धारण हुन आवश्यक रहेको बताएका महर्जनले कानुनमा विधि र प्रक्रियालाई स्थापित गर्न सकेमात्र विनियमावलीले सर्वोपरि हित गर्न सक्नेमा जोड दिएका थिए । नेपाल खानेपानी संस्थान कर्मचारी संघ, इकाई समिति पोखराका अध्यक्ष अनिल शर्मा सुवेदीको अध्यक्षतामा भएको सभामा नेपाल ट्रेड




युनियन कांग्रेस गण्डकी प्रदेश अध्यक्ष मुरारी शर्माले योगदानको सम्मान गर्ने सस्कृतिलाई निरन्तरता दिएकोमा कर्मचारी संघलाई धन्यवाद दिँदै दुःख र सुखमा आफू दृढ भएर सेवा गर्न तयार रहेको धारणा राखेका थिए । नेता शर्माले लेखेरमात्र श्रमिकका समस्या समाधान नहुने भन्दै व्यवस्थापनले दीगो र दीर्घ समस्यामा ध्यान दिन सक्नु पर्नेमा जोड दिए । शुभकामना आदान प्रदान सभामा सम्बोधन गर्दै नेपाल खानेपानी संस्थान कर्मचारी संघ केन्द्रीय समितिका अध्यक्ष केदार धमलाले कार्यक्रमको निरन्तरतालाई ध्यान दिएकोमा इकाई समितिलाई धन्यवाद दिँदै कर्मचारीका अनेकन समस्यामा आफू चट्टानी अडान लिएर उभिनेमा जोड दिए । उनले संशोधन गर्नु पर्ने कर्मचारी सेवा शर्त विनियमावलीलाई छिटो भन्दा छिटो प्रक्रिया थाल्न व्यवस्थापनलाई आग्रह गर्दै कर्मचारी संघले विभिन्न १७ बुँदे सुधार पेश गरिसकेको बताए । धमलाले योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा लैजान ढिलाई भएकोमा आपत्ति जनाउँदै साउन १ गतेदेखि लागु हुनेगरी श्रमिकलाई अनुबन्ध गराउन व्यवस्थापनलाई आग्रह गरे ।

इकाई सदस्य लोकबहादुर घलेले सञ्चालन र कोषाध्यक्ष सिमाना केसीले स्वागत गरेको सभामा नेपाल सार्वजनिक सेवा कर्मचारी संघ कास्कीका उपाध्यक्ष लक्ष्मी पहारीले टेलिकममा पनि श्रमिकका समस्या रहेको भन्दै सवै मिलेर समस्या समाधान गर्नु पर्नेमा जोड दिइन् । कर्मचारी संघले नेपाल खानेपानी संस्थान पोखरा शाखाबाट सेवा निवृत्त भएका कर्मचारी शिवराज भण्डारी, कृष्णबहादुर कोइराला र लिलानाथ गौतमलाई कदरपत्र र दोसल्लाले विदाई गरिएको थियो । सभामा कर्मचारी संघका सल्लाहकार एवं प्रशासन प्रमुख विष्णुप्रसाद रेग्मीले असारे पन्ध्र र दहिच्युराको महत्व दर्शाउँदै रित्तो हात लिएर घर फर्कने कर्मचारीको पीडा बुझ्न व्यवस्थापनलाई आग्रह गरेका थिए । कार्यक्रममा नेपाल खानेपानी संस्थान कर्मचारी संगठनका महासचिव वसन्तराज भण्डारीले संघको नियमित कार्यक्रमले शाखामा कर्मचारीबीच भाईचारा बढाएको भन्दै संस्थानको हरेक समस्यामा सगै लड्ने प्रतिवद्धता जनाएका थिए । कार्यक्रममा नेपाल खानेपानी संस्थान विरगञ्जबाट सरुवा आएका भगवती भण्डारी र बनेपाबाट सरुवा आएका राकेशराज रायलाई इकाई समितिको सदस्यमा मनोनित गरि कार्यक्रममा जिम्मेवारी प्रदान गरिएको कर्मचारी संघका इकाई सदस्य प्रतिमा शर्माले जानकारी दिएकी थिइन् । सभामा खानेपानी संस्थान, हेम्जा शाखाका कार्यालय प्रमुख सन्तोष कुमार दास, नेपाल खानेपानी संस्थान पोखरा तथा हेम्जा शाखाका लेखा प्रमुख पुष्पराज जोशी, नेपाल खानेपानी संस्थान गौर शाखाका कार्यालय प्रमुख प्रकाश सिलवाल, विन्ध्यवासिनी इकाई प्रमुख लक्ष्मण पाण्डे, विन्ध्यवासिनी इकाईका प्रशासन प्रमुख रुक्कुमार श्रेष्ठ, नेपाल ट्रेड युनियन कांग्रेस कास्कीका कार्यालय सचिव अनिता देवकोटा लगायतले शुभकामना दिएका थिए ।

# बोलबम जलयात्राको पूर्व तयारी भेला

पोखरापत्र संवाददाता
पोखरा, १५ असार



पोखरामा बिगत २४ बर्षदेखि हुदै आएको बोलबम पदयात्रा यस वर्ष पनि वृहत रुपमा हुने भएको छ ।

केदारेश्वर महादेवमणि सेवाश्रम समितिले यसवर्ष श्रावण महिनाको बोलबम पदयात्रादलाई वृहत र थप व्यवस्थित बनाउने तयारी स्वरुप मन्दिर व्यवस्थापन समिति, आजीवन सदस्य, सल्लाहकार एवम विभिन्न संघ सस्थाहरु संग पुर्व तयारी वैठक स्वरुप भेलाको आयोजना गरेको हो । केदारेश्वर महादेवमणि बोलबम कार्यक्रमका संयोजक तथा विश्व हिन्दु महासंघका केन्द्रिय वरिष्ठ उपाध्यक्ष शंकर खरालले साउन महिनाको प्रत्येक सोमबार बगरको गाइघाटस्थित १०८ धारामा स्नान गरेर आठ किलोमिटर पैदलयात्रा सहित केदारेश्वर महादेवमणि बोलबम धाममा जलार्पण गरिने बताउनुभयो । केदारेश्वर महादेवमणि सेवाश्रम तथा गुरुकुल व्यवस्थापन समितिका अध्यक्ष एवम पिठाधीश स्वामी डा.चिद्घन चैतन्य गुरुले श्रावण महिनाको हरेक सोमबार केदारेश्वर मन्दिरमा भक्तजनको भिड लागे पनि बोलबम पैदल जलयात्रामा कम भक्तजन सहभागी हुने गरेको बताउनु भयो । बोलबम यात्राको विशेष महत्व हुने भएकोले यसलाई उत्सवको रुपमा सबै भक्तजनले कम्तीमा एउटा सोमबार भए पनि जलयात्रामा सहभागी भइ यसको अनुभूति लिन आग्रह गर्नभयो ।

यो वर्ष बोलबमलाई सफल बनाउन विभिन्न संघ संस्थाहरुले साथ दिएको छ । मितेरी नारी समूह बैदाम , मारवाडी समुह कास्की, नेपाल भारत व्यवसायी (एन.वि) समिति, अर्गानिक जुम्बा सहित स्व.राम्जी बानियाँका सुपुत्र सन्तोष बानियाले प्रत्येक सोमबारको प्रसाद वितरण तथा व्यवस्थापनमा सहयोग गर्ने बताए । भेलामा समाजसेवी वुद्धिनाथ अधिकारी, समितिका मिडिया सल्लाहकार एवम रेडियो सफलताका प्रबन्ध निर्देशक दुर्गा अधिकारी, महिला संजाल पोखरा ६ का अध्यक्ष ववीता मल्ल, अन्नपुर्ण केवलकारका कार्यकारी निर्देशक दिनेश पौडेल , नेपाल रेडक्रस सोसाइटी उपशाखा पोखरा ६ का सभापति तुलसी दाहाल, समाजसेवी गिरधारी अधिकारी लगाएतले सुझाव सहित शुभकामना दिए । भेलामा स्वगत समितिका वरिष्ठ उपाध्यक्ष मिना भट्टराइ र संचालन सचिव ओमनाथ अधिकारीले गरेका थिए । ज्योतिषशास्त्रअनुसार सोमवारको स्वामी भगवान् शिव भएकाले यो दिनको शिवोपासना विशेष मानिन्छ । अझ श्रावण महिनाको सोमवार गरिने शिवको व्रत पूजा विशेष फलदायी हुने मान्यता छ । बोलबमको ध्वनिले, शान्ति पाउन् सारले' भन्ने मूलमन्त्रका साथ हरेक साउन महिनाको सोमबार बोलबम पदयात्रा हुदै आएको छ ।

# कृषि संजाल बैदाम द्वारा प्राङ्गारिक कृषि लागि झोलमल बनाउन तालिम सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १५ असार

पोखरा महानगर पालिका वडा नं- ६ वडा स्तरीय कृषि संजाल बैदामको आयोजना र वडा कार्यालय ६ को आर्थिक र प्राविधिक सहयोगमा एक दिवसीय "प्राङ्गारिक कृर्षिका लागि झोल मल बनाउने" तालिम शनिबार सम्पन्न भएको छ ।

तालिममा कौशि खेति क्वीनका उपविजेता तथा प्रशिक्षक कान्ति पौडेल अधिकारीले झोल मल बनाउने तरिका सिकाएकी थिइन । बैदाम क्षेत्रका स्थनिय संघ संस्थाका करिब ३० जनाले मल बनाउने तालिम लिएका थिए । कार्यक्रममा धुपि, कफि र कुरिलो गरि विभिन्न प्रजातिका ३ सय बिरुवा समेत वितरण गरिएको अध्यक्ष विन्द्रा धरेल जानकारी दिइन ।

कार्यक्रमका प्रमुख अतिथि पोखरा महानगर पालिका वडा नं ६ का वडा सदस्य पवित्रा थापाले कौसि खेति सहित करेसा बारीमा प्रयोग हुने मलहरु ऋाफैले उत्पादन गर्ने सके स्वास्थ र अर्गानिक तरकारी र फलफुल खान पाइने बताइन । उनले भनिन्, "रासायनिक मलको अत्यधिक प्रयोगले माटो बिग्रने भएकाले किसानलाई प्राङ्गारिक तथा जैविक मलको प्रयोगमा प्रोत्साहन गर्नका लागि पनि तालिम प्रभावकारी भएको छ ।" प्रशिक्षक कान्ति पौडेल अधिकारीले झोल मललाई जैविक मलका रुपमा प्रयोग गर्ने सकिन्छ । झोल मल गाइ बस्तुको गोवर , पिसाब ई.एम वा जिवातु र पानिको मिश्रण बाट तयार गरिन्छ । उनले प्राङ्गारिक तथा जैविक मलको प्रयोगबाट उत्पादन हुने खाद्य वस्तुले मानिसको स्वास्थ्यमा समेत हानी नपुगने भएकाले वडा



भित्रका किसानलाई प्राङ्गारिक तथा जैविक मलको प्रयोगमा जोड दिन आग्रह गरिन ।

वडा सदस्य बासु बरालले कृषि संजाल बैदामले रासायनिक मलले पुराएको असर भोग्दै आएका किसानलाई संजालले प्राङ्गारिक कृषि लागि झोलमल बनाउने तालिम दिएकोमा खुशि ब्यक्त गरे । वडा सदस्य शोभा जलारीले बेरोजगारीलाई अन्त्य गर्ने उद्देश्यका साथ हातमा सिप प्रदान गरेर स्वरोजगारमार्फत महिला तथा स्थानीयहरुलाई आय आर्जनमा आत्मनिर्भर बनाउनका लागि तालिम प्रभावकारी हुने विश्वास ब्यक्त गरिन ।

संजालको अध्यक्ष विन्दा धरेलको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष रामेश्वर न्यौपने र सचिव चन्द्रकला घिमिरे पहारीले लगाएतले तालिममा सिकेको ज्ञानलाई ब्यवहारमा उर्तान सके मात्र तालिमको महत्व बढने बताएका थिए

# महानगर अस्पताल शिसुवाको अध्यक्षमा गिरीको मनोनयन

पोखरापत्र संवाददाता
पोखरा, १५ असार

पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले आईतबार शिसुवा अस्पताल व्यवस्थापन समितिको अध्यक्षमा बाबुराम गिरीलाई मनोनित गर्नुभएको छ ।

गिरीलाई महानगरपालिकाका मेयर आचार्यले शिसुवा अस्पताल व्यवस्थापन समिति गठन तथा संचालन कार्यविधि २०८१ अनुसार तीन बर्षका लागि अध्यक्षमा मनोनित गर्नुभएको हो । अध्यक्ष गिरी पोखरा महानगरपालिका वडा नं. २७ तालचोक निवासी हुनुहुन्छ ।

लेखनाथ उद्योग बाणिज्य संघका पूर्व अध्यक्ष, नेपाल उद्योग बाणिज्य महासंघका निवर्तमान केन्द्रिय सदस्य एवं विभिन्न संघ संस्थामा आवद्ध गिरी लामो समय देखी पोखरामा व्यवसाय गर्दै आउनु भएको छ । यसैगरी मेयर आचार्यले पोखरा २६ का सुर्यनाथ भण्डारी, लेखनाथ उद्योग बाणिज्य संघका महासचिव जानुका अधिकारी पराजुली, वडा नं. ३० का ध्रुवराज



न्यौपाने, शिव न्यौपाने र लक्ष्मी प्रसाद त्रिपाठीलाई सदस्यमा मनोनित गरेका गर्नु भएको छ । उनिहरुलाई पनि तीन बर्षका लागि नियुक्त गरिएको हो । अस्पताल व्यवस्थापन समितिमा वडा नं. ३० का अध्यक्ष र महानगर स्वास्थ्य महाशाखा प्रमुख पदेन सदस्य एवं मेडिकल सुपरिटेण्डन सदस्य सचिव रहने कार्यविधिमा व्यवस्था रहेको छ । कार्यविधि अनुसार वडा नं. ३० का अध्यक्ष दुर्गा प्रसाद सुवेदी, महाशाखा प्रमुख भरतराज पौडेल र सदस्य सचिवमा मेडिकल सुपरिटेण्डन डा. सुमन खनिया सदस्य सचिव रहनु भएको छ । समितिका अध्यक्ष एवं सदस्यहरुलाई मनोनयन गरिएको पत्र बितरण गर्दै, महानगरप्रमुख आचार्यले शिसुवा अस्पताललाई स्तरोन्ती गरि महानगरवासीको स्वास्थ्य सेवा प्रभावकारी बनाउने प्रतिवद्धता व्यक्त गर्नु भयो ।

उहाँले साविक लेखनाथ नगरपालिकाको भवनमा जलन उपचार केन्द्र स्थापना गर्ने प्रक्रिया अगाडी बढाइएको बताउनु भयो । मेयर आचार्यले महानगरको एकमात्र अस्पताल भएकाले विशेषज्ञ सेवा सहित जनशक्ति थप गरिने बताउनु भयो । कार्यक्रममा अस्पताल व्यवस्थापन समितिका अध्यक्ष बाबुराम गिरीले महानगरसँग समन्वय गरेर सबैको पहुच पुग्ने गरी अस्पताललाई सुधार गरिने बताउनु भयो । उहाँले अस्पतालमा बिरामीको चाप अनुसारको जनशक्ति उपलब्ध हुन नसकेको बताउनु भयो ।

कार्यक्रममा पोखरा महानगरपालिका वडा नं. २६ का अध्यक्ष नरेन्द्र थापा, वडा नं. २७ का अध्यक्ष पूर्णकुमार गुरुङ, वडा नं. २९ का अध्यक्ष श्रीप्रसाद गुरुङ, वडा नं. ३० का अध्यक्ष दुर्गा प्रसाद सुवेदी, वडा नं. ३२ का अध्यक्ष अक्कल बहादुर कार्कीले महानगरकै अब्बल अस्पताल हुनेगरी काम गर्न व्यवस्थापन समितिलाई आग्रह गरेका थिए । कार्यक्रममा स्वास्थ्य महाशाखा प्रमुख भरतराज पौडेलले सबल व्यवस्थापन समिति गठनका लागि केही समय ढिलो भएको उल्लेख गर्दै अव अस्पतालले गतिलिने उल्लेख गर्नु भयो ।

कार्यक्रममा वडा नं. ३१ का वडासदस्य धनदेवी तिवारी, ३० का सदस्य विनोद लामिछाने, स्वास्थ्य महाशाखाका र अस्पतालका कर्मचारी कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

## पोखरा १३...

उनले शिक्षामा लगानी बढाउन आफू प्रतिबद्ध रहेको बताए । छाडा चौपाया व्यवस्थापनका लागि महानगरले गौशाला बनाएको र छाडा कुकुर नियन्त्रणका लागि टोल समितिसँग मिलेर काम गर्ने उनको प्रतिबद्धता छ ।

बरालले सार्वजनिक जग्गाको अभिलेखीकरण गरिएको, मापदण्डविपरीतका निर्माण कार्यलाई रोकिएको र कृषकहरुलाई प्रोत्साहन गर्न विशेष बजेट छुट्याइने बताए । 'सबै काम एकैपटक सम्भव छैन । तर प्राथमिकताका आधारमा वडाले समानुपातिक ढंगबाट काम गरिरहेको छ,' उनी भन्छन्, 'बाँकी रहेका कामहरु पनि क्रमशः सम्बोधन गर्दै जान्छौं ।' उनले नागरिकका गुनासालाई सम्बोधन गर्दै आगामी दिनमा कमजोरी सच्याएर अघि बढ्ने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रमको सहजीकरण पत्रकार प्रकाश ढकालले गरेका थिए भने वडा सदस्य रजनी परियारले कार्यक्रमको उद्देश्यमाथी प्रकाश पारिन् । वडा सचिव अन्जु गुरुङले हालसम्म भएका प्रगति प्रतिवेदन प्रस्तुत गरेकी थिइन् । कार्यक्रममा यसअघिको सार्वजनिक सुनुवाइ कार्यक्रममा जनाएको प्रतिबद्धता कार्यान्वयनबारे वडाध्यक्ष बरालले नै जानकारी गराए ।

## कास्कीका...

सुनचाँदी व्यवसायी महासंघको अगुवाईमा व्यवसायीहरु आन्दोलनमा उत्रिएका छन् ।

केन्द्रको निर्देशन अनुसार आफूहरुले कास्की क्षेत्रमा गत शुक्रबार देखि सुन चाँदीका पसलहरु बन्द गराइएको नेपाल सुनचाँदी व्यवसायी महासंघ कास्कीका अध्यक्ष भविन्द्र विश्वकर्माले बताउनु भयो ।

राज्यको नीतिका कारण आफुहरु र उपभोक्ताहरु चर्को मारमा पर्ने भएको उहाँले बताउनु भयो । भारतमा एक तोला सुन खरिद गर्दा न्यूनतम १५ प्रतिशतले सबै कारोवार गर्न सकिने त्यही सुन नेपालमा कारोवार गर्दा करिब ३० प्रतिशत कर लाग्ने अवस्था सृजना भएको अध्यक्ष विश्वकर्माले जनाउनु भयो ।

पोखरा क्षेत्रका अधिकाश सुनचाँदीका पसलहरु अनिश्चितकालको लागि बन्द गरिएको महासंघ कास्कीले जनाएको छ । कास्कीमा महासंघ र नेपाल रत्न आभूषण संघ लगायतको सक्रियतामा आन्दोलन भएको हो । पोखरा क्षेत्रमा करिब ५ सय सुनचाँदी व्यवसायीहरु रहेको बताइन्छ ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५२१५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

जीवनमा न मनोविनोदको स्थान छ न आँसुको, जीवन त एउटा सेवासदन हो । - लियो टोल्सटोय

## सम्पादकीय

# संघीयता कार्यान्वयन गर्ने दिसातर्फ

प्रतिनिधिसभाबाट संघीय निजामती सेवा विधेयक पारित भएको छ। संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताले विधेयक पारित गरियोस् भन्दै पेश गरेको प्रस्ताव बहुमतबाट पारित भयो। छलफलमा भाग लिएका विधेयकको कतिपय व्यवस्था सच्याउनुपर्ने धारणा राखे पनि बहुमतका बलमा विधेयक पारित भएको छ । राजनीतिक र संवैधानिक आयोगको नियुक्तिमा कुलिङ पिरियड २ वर्ष अनिवार्य विधेयकमा अधिकांश व्यवस्था निजामती सेवा ऐन २०४९ जस्तै भए पनि कतिपय व्यवस्था भने नयाँ आएका छन् । जसमा अब सरकारी सेवाबाट अवकाश पाएको कुनै पनि कर्मचारीले २ वर्ष नपुगुञ्जेल राजनीतिक नियुक्ति तथा संवैधानिक आयोगमा नियुक्ति नपाउने भएको छ। अर्थात कुलिङ अफ पिरियड २ वर्ष राखिएको छ। यसअघि उच्चपदस्थ कर्मचारीले अनिवार्य अवकाश पाएको अर्को दिनदेखि नै राजनीतिक नियुक्ति वा संवैधानिक आयोगमा नियुक्ति खाँदै आएका थिए। यतिमात्रै नभएर कतिपयले त नेपाल सरकारको सचिव वा सहसचिवको कार्यकाल नसकिँदै नियुक्ति खान राजीनामा दिएर जाने गरेका थिए ।सुशासन कायम गर्न सहयोग पुग्छ भन्ने विश्वास लिपिएको छासंघीयता कार्यान्वयन गर्न कानून महत्वपूर्ण छ।

कार्यकाल नतोकेरै अतिरिक्त सचिवको व्यवस्था यस्तै विधेयकमा अतिरिक्त सचिवको व्यवस्था पनि गरिएको छ । जुन व्यवस्था यसअघि थिएन। यद्यपि धेरै वर्षभन्दा पहिले अतिरिक्त सचिवको व्यवस्था राखिएकोमा उक्त व्यवस्था सफल नभएपछि हटाइएको थियो। अहिले अतिरिक्त सचिवको व्यवस्था राखिए पनि त्यसको कार्यकाल र कति जनाको दरबन्दी रहने र कहाँ खटाउने भन्ने व्यवस्था गरिएको छैन। विधेयकमाथि दफाबार छलफल भएको राज्य व्यवस्था तथा सुशासन समितिमा पनि प्रमुख प्रतिपक्ष दल नेकपा माओवादी केन्द्रलगायतका प्रतिपक्षी दलका सांसदले सेवा अवधि र दरबन्दी संख्या तोकेरमात्रै अतिरिक्त सचिवको व्यवस्था गर्नुपर्ने भन्दै फरक मत पेश गरेका थिए। यद्यपि विधेयक समितिबाट पारित भएअनुसार जस्ताको त्यस्तै प्रतिनिधिसभाबाट पनि पारित भएको छ। अवकाश उमेर अवधि ६० वर्ष, पहिलो वर्ष ५८ र दोस्रो वर्ष ५९ विधेयकमा निजामती कर्मचारीको अवकाश उमेर अवधि ६० वर्ष कायम गरिएको छ। यसअघि ५८ वर्ष अनिवार्य अवकाशको उमेर अवधि रहेकोमा २ वर्ष थप गरेर ६० वर्ष पुऱ्याइएको छ। विधेयक दुबै सदनबाट पारित भएर राष्ट्रपतिबाट प्रमाणीकरण हुँदै राजपत्रमा प्रकाशित भएपछि तत्काल लागू हुनेछ। यदि यो विधेयक असार मसान्तसम्ममा नै लागू भएको अवस्थामा यस वर्ष ५८ वर्ष पुग्ने कर्मचारी यसैवर्षदेखि अनिवार्य अवकाशमा जानेछन् भने आगामी आर्थिक वर्षदेखि ५९ वर्षमा कर्मचारी अनिवार्य अवकाशमा जानेछन्।

यद्यपि असार मसान्तसम्ममा विधेयक लागू हुन नसकेको अवस्थामा भने आगामी आर्थिक वर्षभरि ५८ वर्ष पुग्ने कर्मचारी त्यसै वर्ष अनिवार्य अवकाशमा जानेछन् । अर्को आर्थिक वर्षमा ५९ वर्ष पुगेका कर्मचारी अनिवार्य अवकाशमा जानेछन्। पछिल्लो वर्षदेखि मात्रै ६० वर्ष पुगेका कर्मचारी अवकाशमा जानेछन्। मुख्यसचिवको २ र सचिवको पदावधि ४ वर्ष पारित विधेयकको व्यवस्थाअनुसार मुख्यसचिवको पदावधि १ वर्ष घटेको छ। यसअघि मुख्यसचिवको पदावधि ३ वर्ष रहेकोमा अहिले एक वर्ष घटाएर २ वर्षमात्रै राखिएको छ। यस्तै सचिवको सेवा अवधि अहिले ५ वर्ष रहेकोमा विधेयकमा ४ वर्ष मात्रै सेवा अवधि राखिएको छ। यद्यपि यो विधेयक लागू भएपछि मात्रै यो व्यवस्था लागू हुनेछ। अहिले नियुक्ति भएका मुख्यसचिव र सचिवको सेवा अवधि भने ५ वर्ष नै रहने विधेयकमा उल्लेख छ।

निजामती प्रवेश उमेर पुरुषका लागि ३५ र महिलाका लागि ३९ यस्तै निजामती सेवामा प्रवेशका लागि उमेर पुरुषको पुरानै कायम गरे पनि महिलाको भने एक वर्ष घटाइएको छ । पुरुषले ३५ वर्षसम्म निजामती सेवा प्रवेश गर्न पाउने व्यवस्थालाई कायम गरेर महिलाका लागि भने ४० वर्षबाट एक वर्ष घटाएर ३९ मा झारेको छ। अन्तिम वर्ष अर्थात ४० वर्षमा निजामती सेवामा प्रवेश गर्ने कर्मचारी महिला यसअघि ५८ वर्षमा अनिवार्य अवकाशमा जाँदा २० वर्षे पेन्सन अवधि पूरा नगर्ने अवस्था भएपछि एक वर्ष घटाइएको हो । अब महिलाको प्रवेश उमेर ३९ वर्षमा निजामती सेवा प्रवेश गरे पनि ६० वर्षमा अवकाशमा जाँदासम्म २१ वर्ष सेवा गर्न पाउने भएका छन्। यसले २० वर्षे पेन्सन अवधिमा अवरोध नगर्ने भएको छ।

यस्तै निजामती सेवा यसअघि श्रेणीगत मात्रै भएको भए पनि अब भने श्रेणी र तहगत गरेर दुबै हुने भएको छ । यसअघि शाखा अधिकृत अर्थात राजपत्रांकित तृतीय, उपसचिव राजपत्रांकित द्वितीय, सहसचिव राजपत्रांकित प्रथम र सचिव र मुख्यसचिव राजपत्रांकित विशिष्ट श्रेणी हुने व्यवस्था रहेकोमा अब भने तहगत बनाइएको छ । विशिष्ट श्रेणी एउटामात्रै हुने भएकोमा अब विशिष्ट श्रेणीमा ३ तह रहने भएका छन् । जसमा १३औं तह अतिरिक्त सचिव, १४औं तहमा सचिव र १५औं तहमा मुख्यसचि संघीयतालाई कार्यान्वयन गर्न यो कानून महत्वपूर्ण छ। सत्तारुढ दल सहमत गराउन सक्नु सांसद परिपक्व हुदै गएको सन्देश हो।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : झमेला बड्ने |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : शुभ यात्रा |
| मिथुन | : शारीरिक झमेला | धनु | : आर्थिक समस्या |
| कर्कट | : मानसिक तनाब | मकर | : स्वास्थ्यमा सुधार |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : शत्रुको भय | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# चार किसान सम्मानित

**पोखरापत्र संवाददाता**
तनहुँ, २५ असार

कृषि ज्ञान केन्द्र तनहुँले ' धान बालीमा सघनताः खाद्य सुरक्षा र आत्मनिर्भरता' नारासहित आयोजित आयोजित धान दिवसको कार्यक्रममा जिल्लाका चार किसानलाई सम्मान गरेको छ।

व्यास नगरपालिका, कृषि ज्ञान केन्द्र तनहुँ र सुनौलो नयाँ गोरेटो कृषि सहकारी संस्थाको संयुक्त रूपमा आज व्यास-९ गजौडेमा आयोजित २२औं राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सवमा चार किसानलाई सम्मान गरिएको हो । म्याग्दे गाउँपालिका-२ उमाचोकस्थित उमादेवी कृषि फर्मका सञ्चालक निर्मल अधिकारी, भिमाद नगरपालिका-५ ऋषिङपाटनस्थित गैह्रे पशु तथा कृषि फर्मका सञ्चालक कृष्णप्रसाद गैह्रे, म्याग्दे गाउँपालिका-६ स्थित डेकबहादुर गुरुङ र भानु थक्रेकस्थित अनुग्रह कृषि तथा पशु फार्मका सञ्चालक छेनर्बु तामाङलाई जनही रु १० हजारसहित पुरस्कृत गरिएको हो।

कृषक अधिकारीले ४५ रोपनी क्षेत्रफलमा सुन्तला खेतीबाट वार्षिक रु २५ लाख आम्दानी गर्दै आउनुभएको छ। उक्त फार्मले उन्नत मेसिनरी औजार तथा प्रविधिको प्रयोग, सिँचाइ व्यवस्थापनको लागि पोखरी निर्माण, कृषि बिमा, कृषि ऋणमा पहुँच र वार्षिक १० जनालाई रोजगारी सिर्जना गर्दै आएको छ।

त्यस्तै गैह्रेले करिब ३० रोपनी क्षेत्रफलमा तरकारी खेतीमार्फत रु २५ लाख वार्षिक कारोबार गर्दै आउनुभएको छ । गैह्रे फार्ममा तरकारी खेती (काउली, बन्दा), एकीकृत फर्म सञ्चालन (कृषि बालीसँगै आठ वटा दूध दिने उमेरका भैंसीपालन गरिएको छ । फार्मले उन्नत प्रविधिको प्रयोग, थोपा सिँचाइ र वार्षिक चार जनालाई रोजगारी सिर्जना गर्दै आएको छ।

यस्तै कृषक गुरुङले करिब १५ रोपनी क्षेत्रफलमा व्यावसायिक तरकारी खेती गरी वार्षिक रु १५ लाखको कारोबार गर्दै आउनुभएको छ । यस फार्मले मौसमी तथा बेमौसमी तरकारी खेती गर्दै आएको छ। मुख्यतः आलु, काउली, बन्दा, मुला, धनियाँ, ब्रोकाउली, गाँजर, लहरे तरकारी खेती गर्दै आएको छ।

यसैगरी कृषक तामाङले करिब १७ रोपनी क्षेत्रफलमा व्यावसायिक तरकारी खेती गरी वार्षिक रु २० लाखको आर्थिक कारोबार गरिरहेको कृषि ज्ञान केन्द्रले जनाएको छ । यस फार्ममा रैथाने फलफूल खेती र मसलाजन्य खेती गरिँदै आएको छ।

यी कृषि फार्मले स्थानीयलाई रोजगारी दिनुका साथै उत्पादन बिक्री वितरण र कृषिमा युवालाई प्रोत्साहन गर्दै आएको कृषि ज्ञान केन्द्रका प्रमुख गोपाल शर्मा लामिछानेले जानकारी दिनुभयो।

# वियोगीको कथासंग्रह 'सत्यम्' को गृहजिल्लामा विमोचन

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १५ असार

लेखक तथा पत्रकार लक्ष्मण वियोगीको कथासंग्रह 'सत्यम्' को वालिङ, मिर्दीमा विमोचन तथा विमर्श गरिएको छ।

स्याङ्जा साहित्य प्रतिष्ठानले आयोजना गरेको एक कार्यक्रमका बीच 'सत्यम' नामक कथासंग्रह कृतिको विमोचन गरिएको हो। कथासंग्रह 'सत्यम' नामक पुस्तकको पुर्व कृषि मन्त्री तथा साहित्यकार त्रिलोचन ढकाल, समालोचक डा.अशोक थापा, समिक्षकद्धय शान्ता थापा र शम्भु अर्याल, स्याङ्जा साहित्य प्रतिष्ठानका अध्यक्ष कुमार राना, लेखकले संयुक्तरुपमा गृहजिल्ला स्याङ्जामा कृतिको अनावरण गरेका थिए । कार्यक्रममा पुर्व कृषि मन्त्री ढकालले साहित्य कल्पना र यथार्थताको संयोजन भएको बिषयको पक्ष 'सत्यम्'मा पाइन्छ, उनले भने, 'वियोगीका कथामा २०५२ सालदेखि २०६२ सालसम्मको माओवादी द्वन्द्वको परिवेश पनि समेटिएको छ ।' गाउँदेखी शहरसम्मका बिषयलाई समेटेर कथामा उतारिएको उक्त पुस्तक भोलीका दिनमा एक एतिहासिक झलक दिने ढकालले बताए।

समाचोलक डा. थापाले पत्रकारिता पेशामा रहेका वियोगीले समाचार तथा फिचरमा लेख्न नमिलेका र लेख्न नसकेका विषयसमेत उनको कथाकृतिमा झल्किने गरी उतारेको बताए । असत्यले सत्यलाई छायाँमा पारेको यो समाजको वर्गीय पीडा र यथार्थ सत्य उत्घाटित गर्नु कथाकृति सत्यम्को विशेषता रहेको




उनको भनाइ थियो। पारिवारिक विखण्डन, वैदेशिक रोजगारी र त्यसले समाजमा पारेको असरजस्ता विषयसमेत सत्यम्ले उठाएको उनले बताए। तथ्यपरक विषय गणित पढेको, तथ्यमै आधारित पेशा पत्रकारिता अँगालेका वियोगीले बाङ्गोटिङ्गो भावपरक विधा साहित्य लेख्नु आफैँमा रोचक विषय भएको विवेचना गरेका थिए।

कृतिको समीक्षा गर्दै समीक्षक तथा आँधीखोला रेडियोकी अध्यक्ष शान्ता थापाले सत्यम् स्याङ्जाको मौलिक संस्कृति समेटिएको कृति रहेको बताइन्। कृति पठनको क्रममा आफू धेरै पटक भावुक भएको पनि उनको भनाइ थियो । अर्का समीक्षक तथा निबन्धकार अर्यालले समाज र परिवेशका अति सुक्ष्म विषय लाई कृतिले उधिनेर निकालेको बताए । कथामा स्याङ्जाली भूगोलको मौलिकता अत्यन्त मार्मिक ढंगले प्रस्तुत गरिएको पनि बताए। कथाकार वियोगीले कृति रचनाको पृष्ठभूमिका विषयमा बोलेका थिए। 'म कथाकार वा लेखक बनुँला/नबनुँला,' उनले भने, 'सबैभन्दा ठूलो कुरा धेरैले मलाई सहयोग गर्नुभयो र त्यही दिशानिर्देशले नै आज यो ठाउँमा छु, म सबैप्रति आभारी छु । मैले सत्यम्लाई होइन, सत्यम्ले मलाई चिनाइदिए पुग्छ।'

कार्यक्रमको समापन गर्दै प्रतिष्ठानका अध्यक्ष रानाले वियोगीले कथामार्फत आफ्नो जन्मभूमि र यहाँको मौलिकतालाई थप उजागर गरेको बताए । साहित्य क्षेत्रमा कथाका अलावा निबन्ध, नियात्रा, कविता तथा गीतमा समेत कलम चलाउँदै आएका वियोगीको यो पहिलो कथा-कृति हो। समालोचकहरूले भने जस्तै कथा-कृतिमा वियोगीले विशेषतः पश्चिम नेपाल अर्थात् गण्डकी पानी ढलो, त्यसमा पनि स्याङ्जा जिल्लाभित्र प्रचलित भाषिक सौन्दर्यका तथा माओवादी द्वन्द्वको पृष्ठभूमिमा सिर्जित नेपाली समाजका अनेक पाटालाई उत्खनन् गरेका छन् । यथार्थवादी धारका कथाहरूमा सामाजिक विभेद, असमानता तथा जनयुद्धका त्रासदी समेटिएका छन् । बालवयका स्वरलहरीमा मिसिएर आएका अनेक लोकभाकाका मुर्च्छना र लोक-संस्कृतिको सुगन्ध पनि पाइने कार्यक्रममा चर्चा गरियो। स्याङ्जाको टाकुरामा टेकेर उडेका भावना मध्यपश्चिम, सुदूरपश्चिम र पूर्वीतिरसमेत डुल्न भ्याएका छन्। कथामा पर्यावरणीय चेत र वस्तुवादी धारसमेत पाइन्छ।

'सत्यम्' को गृहविमोचन तथा विमर्श एवम् बृहत् सिर्जना वाचन समारोह नाम दिइएको कार्यक्रममा २५ जना कविहरूले सिर्जना वाचन गरेका थिए । करिब २ दशकदेखि पत्रकारितामा सक्रिय वियोगीसँग विगतमा नेपाल समाचारपत्र, नागरिक दैनिक लगायत विभिन्न दैनिक तथा साप्ताहिक पत्रिकामा काम गरेको अनुभव छ। हाल उनी नेपालको पहिलो ऊर्जा सम्बन्धी अनलाइन तथा अर्धवार्षिक पत्रिका ' ऊर्जा खबर'को सम्पादकको जिम्मेवारीमा छन् । साहित्य लेखनमा विशेष रुची राख्ने वियोगी विशेषतः कथा र निबन्ध विधामा कलम चलाउँछन्।

'कविडाँडा राष्ट्रिय निबन्ध प्रतियोगिता २०७८' मा उनको निबन्ध 'कोरोनाको कर्खा' प्रथम भएको थियो । त्यस्तै, ' डिसहोम बाह्रखरी राष्ट्रव्यापी खुला कथा प्रतियोगिता'को पहिलो संस्करणमा उनको 'टाउको' शीर्षकको कथा दोस्रो भएको थियो । यो कथा पनि संग्रहमा समावेश भएको उनले बताए। उनका शब्द सिर्जनामा करिब एक दर्जन जति आधुनिक तथा लोक-आधुनिक गीत रेकर्ड भएका छन्। पेज टर्नर प्रालिले प्रकाशन गरेको १५ कथा संग्रहित कृतिको बजार मूल्य ४५५ रुपैयाँ रहेको छ । यस प्रकाशनले अहिलेसम्म करिब ३ दर्जन साहित्यिक कृति प्रकाशन गरिसकेका छन् । बिमोचन कार्यक्रमको सहजिकरण कवि मिलन समिरले गरेका थिए । जिल्लाभित्रका साहित्यकर्मीहरुको कार्यक्रममा बाक्लो सहभागीता रहेको थियो।

# एएफसी महिला एसियन कपः नेपालद्वारा लाओस पराजित

**रासस**
काठमाडौं, १५ असार

उज्वेकिस्तानमा जारी एएफसी महिला एसियन कप छनोट अन्तर्गत लाओसविरुद्धको खेलमा नेपाल विजयी भएको छ।

नेपालले लाओसलाई ९-० गोलअन्तरले पराजित गरेको हो । नेपालका लागि पहिलो पटक कप्तानी गरेकी सावित्रा भण्डारी 'साम्बा' एक्लैले चार गोल गरिन् । यस्तै अनिता बस्नेत, सरु लिम्बू, अनिता केसी र रश्मीकुमारी घिसिङले एक एक गोल गरिन् । लाओसले एउटा आत्मघाती गोल गरेको थियो।

नेपालले पहिलो हाफमा २-० गोलको अग्रता लिएको थियो । सावित्रा भण्डारी 'साम्बा'ले कप्तानी गरेको खेलमा नेपालले पहिलो हाफमा लाओस विरुद्ध २-० गोलको अग्रता लिएको छ।

नेपालले खेलको सुरुआतमा नै अग्रता बनायो। खेलको १२ औँ मिनेटमा अनिताले गोल गरिन् । सविता राना मगरको क्रसमा साम्बाको हेडरपछि उनले गोल गरिन्। यस्तै खेलको ४४औँ मिनेटमा नेपालका लागि अनिताको क्रसमा सावित्राले गोल गरिन् । दोस्रो हाफमा नेपालले थप ६ गोल गरेको थियो। खेल सुरु भएको दोस्रो मिनेटमै नेपालका लागि सरु लिम्बूले गोल गरिन् । यस्तै खेलको ५५औँ मिनेटमा साम्बाले व्यक्तिगत दोस्रो गोल गरिन् । उनले खेललाई ४-० गोलको अवस्थामा पुऱ्याइन्।

लगत्तै रश्मीकुमारी घिसिङले गोल गरिन्।

नेपालले खेलको ७५औँ मिनेटमा साम्बाले ह्याट्रिक पूरा गरिन्। त्यसको एक मिनेटपछि साम्बाले नै व्यक्तिगत चौथो गोल गर्दै नेपाललाई ६-० गोलको अग्रता दिलाइन्। यस्तै खेलको ८३औँ मिनेटमा नेपालका लागि अनिता केसीले गोल गरिन् । नेपालले ८-० गोलको अग्रता बनायो। खेलको ८८औँ मिनेटमा साम्बाको प्रहार लाओसका खेलाडीको खुट्टामा लाग्दै गोलमा परिणत भयो । योसँगै नेपालले तीन अङ्क जोडेको छ । आजको खेल नेपालले १००औँ अन्तर र्राष्ट्रिय खेल हो। नियमित कप्तान तथा गोलकिपर एन्जिला तुम्बाप्पो सुब्बालाई आज आराम गर्न दिइएको थियो । नेपाल रहेको समूह 'एफ' मा लाओसका साथै उज्वेकिस्तान र श्रीलङ्का रहेका छन्।


## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

**पोखरा महानगरपालिका वडा नं. २१ सनसरी भिर पधेंराघर गैरी स्वारा सडक स्तर उन्नती गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**योजनाको नाम : सनसरी भिर पधेंराघर गैरी स्वारा सडक स्तरोन्नती**

**उपभोक्ता समितिको नाम : सनसरी भिर पधेंराघर गैरी स्वारा सडक स्तरोन्नती उपभोक्ता समिति, पोखरा-२१, कास्की**

**योजना सुरु मिति : २०८१/१०/१५**

**योजना सम्पन्न हुने मिति : २०८२/०१/१५**

**योजना सम्पन्न भएको मिति : २०८२/०३/०५**

**महानगरपालिकाबाट : रु. २०,००,०००/-**

**जनसहभागिता : रु. ३,५६,३४०/५१**

**योजनाको कुल लागत : रु. २३,५६,३४०/५१**

**श्रीबहादुर रानाभाट**
**अध्यक्ष**
**सनसरी भिर पधेंराघर गैरी स्वारा सडक स्तरोन्नती उपभोक्ता समिति, पोखरा-२१, कास्की**



## कम्पनीको नाम परिवर्तनबारे सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८२।०३।१६**

**मिति २०८२/०१/११ को विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी पोखरा माउन्टेन बाइक एड्भेन्चरको नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिन् व्यहोर्नुपर्ने कर दायित्व तथा नाम सम्बन्धमा भ्रम सृजना भई उजुरी परेमा सशोधन गर्ने शर्तमा नाम परिवर्तन गरी नेपाल एम टि बि एड्भेन्चरस राखिएको व्यहोरा सम्पूर्णमा जानकारी गराइन्छ।**



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १६ मदन आश्रित पार्क उपभोक्ता समितिको योजना सम्पन्न गर्दा तपसिल बमोजिमको आम्दानी तथा खर्च भएको ब्यहोरा सरोकारवालाहरुमा जानकारीको लागि यो सार्वजनिक सूचना जारी गरिएको छ।

योजनाको नामः मदन आश्रित पार्क उपभोक्ता समिति

ठेगानाः पोखरा-१६

योजना सम्झौता मिति : २०८२/१/०९ गते

योजना सुरु हुने मिति : २०८२/१/१० गते

योजनाको अनुमानित लागत : रु. २५,५७,२६३.३६

महानगरपालिकाबाट प्राप्त : रु. २५,००,०००|-

जनसहभागिताबाट : रु. १,३२,९५१.२६

उपभोक्ता समिति अध्यक्षः अर्जुन थापा

सम्पर्क नं. ९८५६०३४७७५

उपभोक्ता समिति सदस्य संख्याः ७ जना महिलाः ३ पुरुषः ४

**मदन आश्रित पार्क उपभोक्ता समिति**
**पोखरा-१६**

# खेती गर्ने समय पनि परिवर्तन हुँदै

पोखरापत्र संवाददाता
मनाङ, १५ असार

फरक वातावरणले गर्दा अहिले मनाङको तल्लो क्षेत्रमा खेती भित्र्याउने समय हो भने माथिल्लो भेगमा लगाउने कार्य भइरहेको छ । यहाँ प्रायः आलु, गहुँ, फापर, करु, उवा, कोलु बोडी जस्ता परम्परागत बाली लगाउने गरिन्छ । जिल्ला ती खाद्यन्नमा आत्मनिर्भर बनेको छ ।

किसान ताचै, तिल्चे, थानचोक, चामे, तिमाङ, नाचै, ओडारलगायत क्षेत्रमा खेती भित्र्याउन व्यस्त छन् । कृषि ज्ञान केन्द्रका अनुसार नार्पाभूमि र मनाङ डिस्याङ गाउँपालिकामा खेती लगाउने समय भएको छ । दिनानुदिन वातावरणमा आएको परिवर्तनले परम्परागत बाली हराउन थाले पनि यतिबेला कहीँ खेती भित्र्याउने त कहीँ लगाउने समय भएको कृषि ज्ञान केन्द्रका प्रमुख मदन रेग्मीले जानकारी दिनुभयो । यसलाई सुहाउँदो वातावरणको अभावले पनि खेतीबाली फेरिन थालेका उहाँको भनाइ छ । करु, गहुँ, आलुलगायत खेती भित्र्याउन किसान व्यस्त छन् । यहाँ जलवायुको प्रत्यक्ष प्रभाव देखिँदै गएकाले खेती गर्ने समय पनि परिवर्तन हुँदै गएको छ । यसका साथै परम्परागत बालीको उत्पादनमा ह्रास आउन थालेपछि विकासे (हाइब्रिड) खेतीपातीतर्फ किसान आकिर्षत हुन थालेको पाइन्छ । तर, परम्परागत बालीको उत्पादकत्वका आधारमा किसान सचेत हुँदै कृषिमा आकर्षित भएका पाइन्छ । विगत चार



वर्षको तथ्याङ्क हेर्ने होभने अन्य परम्परागत बालीको तुलनामा स्थानीय प्रजातिको आलुखेतीमा वृद्धि भएको पाइन्छ । कोभिड तथा बाढीपहिराको विपद्को वर्षबाहेक अन्य वर्षमा उत्पादकत्व वृद्धि भएको ज्ञान केन्द्रको तथ्याङ्कमा उल्लेख छ । मनाङको तल्लो भेगमा अन्य बाली जस्तै मकै, आलु, करु, गहुँ, जौँ, फापर, कोलु बोडीलगायतको खेती गरिन्छ । गोलभैंडा, काउली, फर्सी, प्याज, लसुन, साग, मुला, गाँजरलगायत तरकारी यहीँ उत्पादन हुन्छ । प्रमुख रेग्मीले भन्नुभयो, "यहाँ उत्पादित खाद्यवस्तु जिल्लामा नै खपत हुन्छ, यहाँ चामल, कोदोबाहेकका अन्य खेती गरिन्छ र खपत पनि यहीँ हुन्छ ।" यहाँ उत्पादित वस्तुले बजार नपाउला भन्ने समस्या नरहेको उहाँको भनाइ छ । हिमाली जिल्ला भएकाले यहाँ जलवायु परिवर्तनको असर यहाँका स्थानीयले भोगिरहेको उहाँले बताउनुभयो । "हिउँको भरमा सिँचाइ हुने यस क्षेत्रमा हिउँ पर्न छाडेको छ, कहिलेकहीँ बेसिजनमा हिउँ पर्छ", उहाँले भन्नुभयो, "यसको असर प्रत्यक्ष खेतीपातीमा पर्न गएको छ । सिँचाइको अभावले खेती परिवर्तन हुने अवस्था सृजना हुने त्रास छ ।" जलवायु परिवर्तनले खेती फेर्नुपर्ने अवस्था देखिएको ज्ञान केन्द्रको अध्ययनले देखाउँछ । विगतमा नहुने खेती र यहाँको तापक्रम वृद्धिले असर पारेको खेतीबालीमा देखिएको छ । परम्परागत बालीका खाद्यान्नको माग बढ्दो भए पनि किसान भने विकासे खेती लगाउने गरेको पाइन्छ । उत्पादन कम भएपछि किसान खेती फेर्नतर्फ लागेको पाइएको छ । कार्यालयको तथ्याङ्कका आधारमा उत्पादन कम हुने हुँदा परम्परागत बाली खेतीतर्फ आकर्षण घट्दै गएको देखिन्छ । जलवायु परिवर्तनको असर जति बढ्दै गएको छ, उति नै खेतीयोग्य भूमि बाँझो बन्दै गएको पाइएको प्रमुख रेग्मीले बताउनुभयो । उहाँका अनुसार परम्परागत खेतीतर्फ किसान आकर्षित छन् । उत्पादन यहीँ खपत हुन्छ । तर, व्यवसाय परिवर्तनले प्रभाव पारेको छ । विगतमा हुने गरेका खेतीलाई उत्पादन वृद्धि गरी बजारीकरण अन्तरराष्ट्रियस्तरसम्म पुर्‍याउने गरी तीनै तहको ध्यानाकर्षण हुन आवश्यक छ ।

# होमस्टेले गाउँमै बस्न सिकाउँदै

मिला दरै /
तनहुँ, १५ असार/रासस

घरधन्दा, मेलापात, बालबालिकाको हेरचाहमा मात्र व्यस्त हुने महिलाको दैनिकी फेरिएको छ । घरेलु कार्यमा व्यस्त रहने महिलाको जीवनशैलीमा परिवर्तन आएको छ । भानु नगरपालिका-९ चितीखोलाका महिला जीवनशैली परिवर्तनसँगै अहिले आयआर्जनतर्फ जोडिएका छन् ।

नियमित गरिने कार्यसँगै पाहुना स्वागत गर्ने भएपछि अहिले उनीहरूको परिवर्तन भएको छ । विसं २०७६ मा स्थापना भएको ग्रीनहिल भिलेज सामुदायिक घरबास (होमस्टे) सञ्चालन गरेपछि घरधन्दासँगै काम परिवर्तन भएको छ । घरबासमार्फत यहाँका अधिकांश महिला आयआर्जनसँग जोडिएका छन् । यहाँका प्रत्येक घरलाई सिँगारेर घरबासमा परिणत भएपछि महिलाहरूको जीवनशैलीमात्र होइन, गाउँको पहिचानसमेत फेरिएको छ ।

ग्रीनहिल भिलेज होमस्टे सञ्चालक समितिकी सचिव सुशीला पुलामी भन्नुहुन्छ, "यहाँका महिलाको जीवनशैलीमा परिवर्तन आउनुका साथै परिवार छाडेर बालबालिका लिएर अन्त बसाइँ सर्ने कार्य रोकिएको छ ।" घरबासले परिवारसँगै बसेर आयआर्जनसँग जोडेको उहाँ बताउनुहुन्छ । पुलामी भन्नुहुन्छ, "हालसम्म हामीले यहाँका महिला बालबच्चासहित पठनपाठनका लागि भन्दै अन्यत्र गएको थाहा पाएका छैनौँ, गाउँमै बस्न सिकाएको छ ।"

यहाँका महिलाले आफैँले उत्पादन गरेका खाद्यवस्तुकै माध्यमबाट पर्यटकलाई आकर्षण गर्न सकिन्छ भन्ने सोचेकै थिएनन । उहाँ भन्नुहुन्छ, "हामीले पहिलापहिला त गाउँमा पर्यटक आउने कल्पना पनि गरेका थिएनौँ, खेतबारी र घरायसी काममा सीमित रहेका हामी अहिले ती कामसँगै पाहुनाको स्वागत गर्न व्यस्त हुन्छौँ । होमस्टे सञ्चालनपछि हाम्रो दैनिकीमात्र होइन, गाउँको पहिचान नै फेरिएको छ ।" छ वर्ष अगाडि र अहिलेको गाउँको स्वरूप नै परिवर्तन भएको पुलामीको भनाइ छ । उहाँ भन्नुहुन्छ, "होमस्टे भनेको के हो भन्नेसम्म पनि थाहा नभएका हामी अहिले यहीबाट आर्थिक रूपमा सबल बन्न सिकाएको छ ।" चितीखोलाका २१ घरमा सञ्चालन गरिएको घरबासमा एकैपटकमा करिब ४२ जनालाई बासको व्यवस्था हुन्छ । घरबासले स्थानीयस्तरमै उत्पादित खानाका



परिकार पाहुनालाई खुवाउने गर्छन् ।

घरबास सञ्चालनका निम्ति क्षमता विकास, पाहुना सत्कार, विभिन्न खानाका परिकार बनाउनेलगायतका तालिम लिइसकेको र सहज भएको सदस्य सीता सारूले बताउनुभयो । "स्थानीय उत्पादन, गाउँघरमै पाइने जैविक, विषादीरहित र रैथाने परिकार पाहुनालाई खुवाउँछौँ । पहिले यही उत्पादन आफैँले मात्र खान धेरै भएर आफन्त र छरछिमेकमा बाँडिन्थ्यो, अहिले यही उत्पादन आम्दानीको स्रोत बनेको छ", उहाँले भन्नुभयो । यस्तै, होमस्टे सञ्चालक समितिकी अध्यक्ष धनाकुमारी सारू मगरले गाउँमा होमस्टे सञ्चालनपछि स्थानीय महिलाको जीवनशैलीमा धेरै परिवर्तन आउनुका साथै आर्थिक रूपमा सबल बन्दै गएको बताउनुभयो । "होमस्टे सञ्चालनपछि आर्थिक रूपमा मात्र होइन, यहाँका महिलालाई आत्मनिर्भर र नेतृत्वदायी भूमिकामा समेत अगाडि बढाएको छ", उहाँले भन्नुभयो, "गाउँमै उत्पादित खाद्यवस्तुको उपयोग गरी आयस्तर बढाउन पाएपछि यहीँबाट बसाइँसराइ जाने कुरा नै भएन ।" यहीँ आम्दानी हुने भएपछि अन्यत्र जाने सोच यहाँका महिलामा आएको नपाएको उहाँको भनाइ छ । "ग्रीनहिल भिलेज होमस्टेले पाहुनालाई शान्त र प्राकृतिक वातावरणमा बस्ने अवसर दिएको छ, साथै यहाँका महिलालाई आर्थिक रूपमा आत्मनिर्भरतातर्फ सचेत गराएको छ", मगरले भन्नुभयो, "पाहुनाले पनि हाम्रो गाउँको मौलिकता र आतिथ्यताबारे राम्रो प्रतिक्रिया दिएका छन् । यसले हामीलाई थप ऊर्जा मिलेको छ, त्यसैले होमस्टेको सेवा थप मौलिक र आफ्नोपनको महसुस गर्नेगरी सेवा दिँदै आएका छौँ ।"

होमस्टेमा आन्तरिक तथा बाह्य पर्यटक आउने गर्दछन् । हालसम्म करिब दुई हजार ५०० पर्यटकलाई स्वागत गरेको घरबासका संस्थापक सदस्य गीता अधिकारी पाण्डेले बताउनुभयो । "पाहुना गाउँको रहनसहन, खाना र स्थानीय संस्कृतिबाट प्रभावित भएर फर्कनुहुन्छ", उहाँले भन्नुभयो । घरबासमा एक रात बास बस्नुभएका सिएमसीमा अध्ययनरत छात्रा श्रेषा सुवेदीले यहाँको आथित्यताले अपनत्व महसुस हुने बताउनुभयो । "यहाँको चिसो हावा र रमणीय दृश्यले लोभ्याएको छ । यहाँको अधिकांश खानेकुरा नै अर्ग्यानिक पायौँ", उहाँले भन्नुभयो, "साँच्चै अर्ग्यानिक खाना खान फेरि आउने धोको छ ।" घरबास सञ्चालनमा सहज बनाउने उद्देश्यले यहाँ आवश्यक पूर्वाधार पनि थपिँदै गएको छ । पाहुनालाई सञ्चालक समितिका सदस्यले पालैपालो गाउँ तथा वरपरका पर्यटकीय गन्तव्य घुमाउने, परम्परागत नाच देखाउने गर्छन् । गाउँमा पाहुना आउन थालेपछि गाउँ पनि सफा र चिटिक्क बन्दै गएको छ । यहाँ आउने पाहुनाले कृषि अवलोकन, प्राकृतिक सौन्दर्यको रूपमा रहेका जङ्गलमा विभिन्न चराचुरुङ्गीको आवाज सुन्न, सुन्दर सफा हावापानीमा रमाउन, चोककोट, गढीमाईसम्म हाइकिङ, चन्द्र झरना, शिवमन्दिर र चियाबारी पनि अवलोकन गर्न सक्छन् । यहाँबाट मनास्लु हिमालको सुन्दर दृश्य देख्न सकिन्छ । पृथ्वी राजमार्गअन्तर्गत पुरानो बजारका रूपमा रहेको डुम्रे बजारबाट डुम्रे-बेँसीसहर-चामे मोटर मार्गबाट करिब २० किलोमिटर यात्रा गरेपछि घरबासमा पुग्न सकिन्छ ।

# पहिरोले विद्यालय भवन भत्किँदा पठनपाठन प्रभावित

पोखरापत्र संवाददाता
बागलुङ, १५ असार

यहाँको एक विद्यालयमा पहिरोले विद्यालय भवन भत्किँदा पठनपाठन प्रभावित बनेको छ । बागलुङको बडिगाड गाउँपालिका-४ स्थित नैतुल आधारभूत विद्यालयको भवन भत्किँदा पठनपाठन प्रभावित भएको हो ।

शनिबार साँझदेखि परेको अविरल वर्षाका कारण विद्यालय माथिदेखि खसेको पहिरोले दुई वटा भवनका चार कक्षाकोठामा पूर्ण रुपमा क्षति पुर्‍याएको छ ।

दुईमध्ये एउटा भवनको गाह्रो भत्किएर पहिरो कक्षाकोठा भित्रै पसेको र अर्को भवनको छानो भत्किएको विद्यालयका प्रधानाध्यापक बमबहादुर बोगटीले जानकारी दिनुभयो । दुईवटै विद्यालय भवन पहिरोको उच्च जोखिममा परेपछि पठनपाठन गर्न समस्या भएको उहाँको भनाइ छ । विद्यालयमा सबै ससाना बालबालिका मात्रै अध्ययनरत रहेको प्रधानाध्यापक बोगटीले बताउनुभयो । उहाँले भन्नुभयो, "पहिरो राति गएको हो, दिउँसोको समयमा गएको भए मानवीय क्षति हुनसक्ने रहेछ, पहिरो अहिले रोकिए पनि विद्यालयमा पठनपाठन गर्नसक्ने अवस्था छैन, चार वटा कोठामा पहिरोले ठूलो क्षति पुर्‍याएको छ, पहिरो कक्षाकोठा भित्रै पसेपछि हिलाम्मे छ, गाह्रो भत्किएर पुनःनिर्माण गर्नुपर्ने अवस्था छ ।" गाउँपालिकाका उपाध्यक्ष भीमसेन वनले पठनपाठनलाई तत्काल सञ्चालन गर्न विकल्प खोज्ने बताउनुभयो । असार १८ गतेदेखि पालिकास्तरीय पहिलो त्रैमासिक परीक्षा सञ्चालन गर्नेगरी तयारी भइरहेको अवस्थामा पठनपाठन प्रभावित हुन पुगेपछि पालिकाले पठनपाठन गर्ने वातावरण तयार गर्ने उहाँको भनाइ छ । कक्षा ८ सम्म पढाइ हुने उक्त विद्यालयमा १२२ बालबालिका अध्ययनरत छन् ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १५ स्थित टुटुङ्गा आदर्श मार्गका भित्री बाटो निर्माण कार्य गर्दा तपसिल बमोजिमको आम्दानी तथा खर्च भएको ब्यहोरा सरोकारवालाहरुमा जानकारीको लागि यो सार्वजनिक सूचना जारी गरिएको छ ।

योजनाको नामः टुटुङ्गा आदर्श मार्गका भित्री बाटो निर्माण
ठेगानाः पोखरा-१५
योजना सुरु मिति : २०८२/२/१७ गते
योजना सम्पन्न हुने मितिः २०८२/०३/०८ गते
योजनाको कुल लागत : रु. ७,४७,०००।-
महानगरपालिकाबाट प्राप्त : रु. ४,००,०००।-
जनसहभागिताबाट : रु. ३,४७,०००।-
उपभोक्ता समिति अध्यक्षः भद्र बहादुर गुरुङ
मो. ९८४६५८८३६३
उपभोक्ता समिति सदस्य संख्याः ९ जना महिलाः ३ पुरुषः ६

**टुटुङ्गा आदर्श मार्ग लेन नं. ९ भित्री बाटो निर्माण उपभोक्ता समिति पोखरा-१५**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १४ स्थित बेलचौतरा बाटो ढलान निर्माण कार्य गर्दा तपसिल बमोजिमको आम्दानी तथा खर्च भएको ब्यहोरा सरोकारवालाहरुमा जानकारीको लागि यो सार्वजनिक सूचना जारी गरिएको छ ।

योजनाको नामः बेलचौतरा बाटो ढलान योजना
ठेगानाः पोखरा-१४
योजना सम्झौता मिति : २०८१/११/२७ गते
योजना सुरु मिति : २०८१/११/२८ गते
योजना सम्पन्न मितिः २०८२/०३/१५ गते
योजनाको कुल लागत : रु. ५,८८,२३५.२९
महानगरपालिकाबाट प्राप्त : रु. ५,००,०००।-
जनसहभागिताबाट : रु. ८८,२३५.२९।-
जम्मा खर्च रकम : रु.५,८८,२३५.२९।-
उपभोक्ता समिति अध्यक्षः कृष्ण बहादुर जिसी
कोषाध्यक्षः विपना सर्मा, सचिवः जुक्तमान गुरुङ सदस्यः मुक्तिनाथ रानाभाट, भिमा जिसी, लोक कुमारी गुरुङ, सरला चन्द

**बेल चौतारा बाटो ढलान उपभोक्ता समिति पोखरा-१४**

## ऋण भुक्तानी गर्न आउने बारेको २१ दिने सार्वजनिक सूचना

**(प्रकाशित मिति २०८२/०३/१६)**

तपसीलमा उल्लेखित तपाई ऋणीले यस सहकारी संस्थाबाट व्यक्तिगत कर्जा शीर्षक अर्न्तगत लिनुभएको ऋण कर्जाको समय समयमा बुझाउनुपर्ने साँवा-व्याज रकम नबुझाई यस संस्थासँग गरेको सम्झौता बमोजिमका शर्त बन्देजहरु उल्लङ्घन गर्नुभएकाले संस्थाले कर्जा भुक्तानी गर्नका लागि ऋणी तथा व्यक्तिगत धनजमानी कर्ताहरुलाई पटक पटक मौखिक तथा लिखित रुपमा जानकारी तथा ताकेता गर्दा समेत कर्जा बुझाउने तर्फ कुनै चासो नदिनुभएकोले तपाईहरु तपसीलमा उल्लेखित ऋणी, धितो जमानीकर्ता एवम् व्यक्तिगत धनजमानी दिनेका नाममा कर्जा चुक्ता भुक्तानी गर्न आउने/लगाउने बारे यो २१ (एक्काईस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र यस संस्थामा सम्पर्क राखी आँफूले तिर्न बुझाउन बाँकी रहेको साँवा-व्याज तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्नुहोला । साथै धनजमानी तथा व्यक्तिगत धनजमानी दिनेले समेत सम्पूर्ण साँवा ब्याज तथा अन्य दै-दस्तुर समेत चुक्ता गर्न लगाउनु हुन यसै सूचनाबाट सूचित गरिन्छ । अन्यथा धितो सुरक्षण बापत तपाईले यस संस्थालाई लेखिदिएको धितो (सम्पत्ति) घर जग्गा जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा गण्डकी प्रदेश सहकारी ऐन, २०७५, गण्डकी प्रदेश सहकारी नियमावली, २०७६, प्रचलित सहकारी मापदण्ड, नीति नियम तथा प्रचलित कानुनको प्रयोग गरी धितोमा रहेको सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै उपयुक्त व्यवस्था गरी संस्थाले असुल उपर गरी लिने व्यहोरा यसै सूचनाबाट सूचित गरिन्छ । कथमकदाचित धितो लेखिदिएको सम्पत्ति कच्चा ठहरिएमा वा कुनै कारणले लिलाम बिक्री हुन नसकेमा ऋणी तथा धनजमानीकर्ताको नाममा रहेको अन्य जायजेथा तथा घरघरानाबाट समेत असुल उपर गरिलिइने छ ।

| ऋणीको नाम थर ठेगाना | जमानी बसेको नाम, थर ठेगाना | धितो सुरक्षण विवरण |
|---|---|---|
| **नाम : बसन्ती कुमारी परियार कौशल**<br>पतिको नामः कुमार कौशल<br>ससुराको नामः सीताराम कौशल<br>स्थायी ठेगानाः भरतपुर म.न.पा.०९, चितवन<br>हालको ठेगानाः पोखरा म.न.पा.०६, कास्की<br>ना.प्र.नं.: ६१८७, चितवन,<br>जारी मितिः २०४८।०६।२३ | **नामः कुमार कौशल**<br>बाबुः सिताराम कौशल<br>बाजेः मान बहादुर कौशल<br>स्थायी ठेगानाः गर्दी गा.वि.स. ०८, चितवन<br>हालको ठेगानाः पोखरा म.न.पा.०६, कास्की | **बसन्ती कुमारी परियार कौशल**को नाममा मालपोत कार्यालय कास्कीमा जग्गाधनी दर्ता प्रमाण पूर्जा कायम रहेको पो.म.न.पा.-०६, लेकसाइड स्थित नक्सा सिट नं. ०९३० ९१७२४ कि.न.१९१ कुल क्षेत्रफल १५८ ।९५ व.मि.मा बनेको घर समेत । |
| **नाम : गणेश अधिकारी**<br>बाबुको नाम : होम नाथ अधिकारी<br>बाजेको नाम : गुरु प्रसाद अधिकारी<br>स्थायी ठेगानाः पो.म.न.पा.२६, कास्की<br>हालको ठेगाना : पो.म.न.पा.२६, कास्की<br>ना.प्र.नं. : ४६१००२/७२७१, कास्की<br>जारी मिति : २०६९।०१।२२ | **नाम : होमनाथ अधिकारी**<br>बाबु : गुरु प्रसाद अधिकारी<br>बाजे : मनोरथ अधिकारी<br>स्थायी ठेगानाः राखी गा.वि.स.०५, कास्की<br>हालको ठेगानाः : पो.म.न.पा.२६, कास्की | **गणेश अधिकारी**को नाममा मालपोत कार्यालय लेखनाथ कास्कीमा जग्गाधनी दर्ता प्रमाण पूर्जा कायम रहेको मिजुरेडाडा- ७, स्थित नक्सा सिट नं. ०९४०८५६ कि.न.३१ को कुल क्षेत्रफल १-१०-३-० (८५०।४९, व.मि) को जग्गा । |

**नोटः** यस संस्थाबाट ऋण लिई ऋणको साँवा ब्याज नियमित नबुझाउने अन्य ऋणीहरुलाई समेत यसै सूचनालाई आधार मानी भाखा नाघेको साँवा, ब्याज बुझाई ऋण नियमित गर्नु गराउनु हुन यसै सूचनाद्धारा जानकारी गराईन्छ । अन्यथा यसै बमोजिम ऋणी, धितो जमानी दिनेको तिनपुस्ते विवरण सहित राष्ट्रिय स्तरका पत्रपत्रिकामा सूचना प्रकाशित गरी संस्थाले असूल उपर प्रक्रिया अगाडि बढाउने व्यहोरा अवगत गराईन्छ ।

**विस्तृत जानकारीको लागि**
**कर्मशिल बचत तथा ऋण सहकारी संस्था लि.**
**पोखरा ८, सभागृहचोक**
**फोन नं. : ०६१-५८०७९६, ५४४७९५**